
# महाधिवेशन तथा विशेष महाधिवेशनमा सहभागि नहुन नेपाली कांग्रेस बाराको आग्रह

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

पदाधिकारी वा सदस्यहरुले व्यक्तिगत रुपमा बोलाईएको महाधिवेशन वा विशेष महाधिवेशनको नाममा गरिने कुनै पनि गतिबिधिमा सहभागि नहुन नेपाली कांग्रेस बाराले आग्रह गरेको छ। नेपाली कांग्रेस बाराका पार्टी सभापति राजेशराय यादवले बिहीबार एक प्रेस विज्ञप्ति जारी गरी यस्तो अपिल गरेकाहुन्।


राष्ट्रियता । लोकतन्त्र ॥ समाजवाद॥।
नेपाली काँग्रेस
जिल्ला कार्य समिति
बी.पी. स्मृति भवन, कलैया, बारा
पत्र संख्या:-
चलानी नं.:-
मिति: २०८२/०९/२४

प्रेस विज्ञप्ति

नेपाली काँग्रेस केन्द्रीय कार्यालयले पार्टीको विधान व्यवस्था भए बमोजिम केन्द्रको "महाधिवेशन" वा "विशेष महाधिवेशन" बोलाउने अधिकार व्यक्तिगत रुपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको छ। तसर्थ पदाधिकारी वा सदस्यहरुले व्यक्तिगत रुपमा बोलाईएको महाधिवेशन वा विशेष महाधिवेशनको नाममा गरिने कुनै पनि गतिविधि पार्टीको विधान विपरित हुने हुदाँ त्यस्ता गतिविधिमा संलग्न नहुन यस जिल्लाका पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमितिहरु, महाधिवेशन प्रतिनिधिहरु, भातृ एवं शुभेच्छुक संस्था पदाधिकारी तथा सदस्यहरुलाई नेपाली काँग्रेस बाराले हार्दिक अपिल गर्दछ।

साथै मिति २०८२ माघ ११ गते हुने राष्ट्रीय सभा सदस्य तथा मिति २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनाम पार्टीको प्रतिष्ठा र हितलाई ध्यानमा राखी यस बारा जिल्लाका जिल्ला, प्रतिनिधिसभा क्षेत्र, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, प्रदेशसभा क्षेत्र, पालिका, वडा तथा टोल तहका समिति, भातृ एवं शुभेच्छुक संस्था लगाएत सम्पूर्ण सदस्यहरु समर्थक र शुभेच्छुकहरुलाई उम्मेद्वारहरुलाई विजयी गराउने अभियानमा अझ सशक्त रुपमा लागि दिनु हुन नेपाली काँग्रेस बारा हार्दिक अनुरोध गर्दछ।

जय नेपाल !

राजेश राय यादव
सभापति

*नेपाली कांग्रेस बारा द्वारा जारी प्रेस विज्ञप्ति ।*

विज्ञप्तिमा पार्टीको विधान विपरित हुने हुदाँ त्यस्ता गतिविधिमा संलग्न नहुन जिल्लाका पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमितिहरु, महाधिवेशन प्रतिनिधिहरु, भातृ एवं शुभेच्छुक संस्था पदाधिकारी तथा सदस्यहरुलाई अपिल गरेको छ।

नेपाली काँग्रेस केन्द्रीय कार्यालयले पार्टीको विद्यान व्यवस्था भए बमोजिम केन्द्रको "महाधिवेशन" वा "विशेष महाधिवेशन" बोलाउने अधिकार व्यक्तिगत रुपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको विज्ञप्तिमा स्पष्ट गरिएको छ। २०८२ माघ ११ गते हुने राष्ट्रीय सभा सदस्य तथा मिति २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनावमा पार्टीको प्रतिष्ठा र हितलाई ध्यानमा राखी बारा जिल्लाका जिल्ला, प्रतिनिधिसभा क्षेत्र, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, प्रदेशसभा क्षेत्र, पालिका, वडा तथा टोल तहका समिति, भातृ एवं शुभेच्छुक संस्था लगायत सम्पूर्ण सदस्यहरु समर्थक र शुभेच्छुकहरुलाई उम्मेदवारहरुलाई विजयी गराउने अभियानमा अझ सशक्त रुपमा लाग्न विज्ञप्तिमा अनुरोध गरिएको छ।

# दुई किलोभन्दा बढी प्रतिबन्धित लागु औषध अफिम सहित तीन जना पक्राउ

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

प्रतिबन्धित लागू औषध अफिम सहित तीन जना बिहीबार बाराबाट पक्राउ परेकाछन्।

पक्राउपर्नेमा पर्सा जिल्लाको बहुदरमाई नगरपालिका वडा नं.०७ बस्ने ३८ वर्षीय निलेश पटेल कुर्मी लगायतका तीन जना रहेको बाराका निमित्त सूचना अधिकारी एवम् प्रहरी निरीक्षक सुरेशराज भट्टले जानकारी दिएकाछन्।

बीरगंज महानगरपालिका वडा नं. ११ बस्ने अन्दाजी ३२ वर्षीय जौवाद अहमद पक्राउ परेका हुन्। यस्तै पर्सा बिन्दवासनी गाउँपालिका वडा नं. ०२ बस्ने ४८ वर्षीय शेषनाथ चौरसिया पक्राउ परेकाहुन्।



*प्रतिबन्धित लागु औषध पक्राउ परेकाहरु ।* **फोटो: बारा प्रहरी**

प्रतिबन्धित लागू औषध अफिम सहित पक्राउ परेका तिनै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको भट्टले

**बाँकी तेस्रो पृष्ठमा**

# एक सय पैतालीस विद्यार्थिलाई लायन्सद्वारा खाजा वितरण


*खाजा वितरण कार्यक्रममा उपस्थित विद्यार्थिहरु ।* **फोटो: साझेदारी**

*साझेदारी संवाददाता*
*कलैया, २४ पुस*

लायन्स क्लव अफ कलैया बाराले बिहीबार विद्यार्थिलाई खाजा वितरण गरेको छ। लायन्स ईन्टरनेशनलको संस्थापक मेल्भिन जोन्सको १४७ औ जन्म जयन्तिको अवसरमा साताव्यापि रुपमा गरिने समाजिक कार्यक्रम अन्तर्गत दोस्रो दिन खाजा वितरण गरिएको हो।

कलैया उपमहानगरपालिका वडा नं ११ मा रहेको श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, घोघलडियाका १४५ बिध्यार्थिहरुलाई खाजा चिउडा, भुजा, चना तरकारी, आलु,प्याज, भन्टा, कोभिको पकोडा खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ।

लायन्स क्लव अफ कलैया,बारा को सदस्य लायन समीर

**बाँकी तेस्रो पृष्ठमा**

# नेरामावि सिमराको ६८ औं वार्षिकोत्सव भव्य रूपमा सम्पन्न हुँदै

*रञ्जन यादव*
*जीतपुर, २४ पुस*

सिमरास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (नेरामावि) ले स्थापना भएको ६८ वर्ष पूरा गरी ६९औं वर्षमा प्रवेश गरेको अवसरमा पहिलो पटक भव्य वार्षिकोत्सव कार्यक्रम आयोजना गरेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण अधिकारीको अध्यक्षतामा बिहीबार सुरु भएको औपचारिक उद्घाटन समारोहमा सूर्य नेपाल प्रालिका प्रबन्धक प्रमुख सुरेश काजी श्रेष्ठ प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो। समारोहमा विद्यालयको शैक्षिक यात्रा, हालसम्मका उपलब्धि तथा भावी योजनाबारे जानकारी प्रस्तुत गरिएको थियो।


*कार्यक्रममा सहभागिहरु ।* **फोटो: साझेदारी**

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शंकर आचार्यले विद्यालयको शैक्षिक तथा भौतिक

**बाँकी तेस्रो पृष्ठमा**


# देवताल गाउंपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पिप्राढी गोठ, बारा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा नगर प्रहरी पदपूर्ति सम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२५ गते*

यस गाउँपालिकाको लागि देहाय बमोजिमको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा नगर प्रहरी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेको उम्मेदवारहरुले देवताल गाउँपालिकाको कार्यालयमा दरखास्त आवेदन दिनुपर्ने हुन्छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।

| क्र.स. | विज्ञापन नं. | पद | न्यूनतम शैक्षिक योग्यता | संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १ | ७/०८२/०८३ | नगर प्रहरी सहायक निरिक्षक | प्रविण्ता प्रमाणपत्र वा सो सरह उतिर्ण | १ | १००० |
| २ | ८/०८२/०८३ | नगर प्रहरी बरिष्ठ हवलदार | SLC/SEE वा सो सरह उतिर्ण | १ | ७०० |
| ३ | ९/०८२/०८३ | नगर प्रहरी सहायक हवलदार | SLC/SEE वा सो सरह उतिर्ण | १ | ७०० |
| ४ | १०/०८२/०८३ | नगर प्रहरी जवान | साधारण (साक्षर) लेखपढ गर्न सक्ने | २४ | ५०० |
| ५ | ११/०८२/०८३ | नगर प्रहरी सहयोगी | साधारण (साक्षर) लेखपढ गर्न सक्ने | ३ | ५०० |

**परीक्षाको किसिम:**

**प्रथम चरण** : साधारण स्वास्थ्य परिक्षण, शारिरिक परीक्षण तथा शारिरिक तन्दुरुस्ती परीक्षण

**द्वितीय चरण** : लिखित परीक्षा र अन्तरवार्ता ।

नगर प्रहरी जवान तथा नगर प्रहरी सहयोगी पदको हकमा लिखित परीक्षा हुने छैन। अर्थात साक्षरतालाई मध्य नजर गरिनेछ।

प्रथम परीक्षा उतिर्ण भएको उम्मेदवारहरुले मात्र द्वितीय चरणको परीक्षामा संलग्न गराइनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/१०/०९ गते कार्यालय समय भित्र ।

**परीक्षा मिति र केन्द्र :** देवताल गाउँपालिकाको कार्यालय पिप्राढी गोठ, बारा ।

**उम्मेदवारको उमेरको हद :**

**नगर प्रहरी सहायक निरिक्षक पदको हकमा :** दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको

**नगर प्रहरी बरिष्ठ हवलदार/हवलदार पदको हकमा :** दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ३७ वर्ष ननाघेको

नगर प्रहरी जवान पदको हकमा : दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ३५ वर्ष ननाघेको,

**नगर प्रहरी सहयोगी पदको हकमा :** दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको,

नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको नगर प्रहरी सहायक निरिक्षक पदको हकमा ५० बर्ष उमेर ननाघेको, नगर प्रहरी बरिष्ठ हवलदार/हवलदार पदको हकमा ५० बर्ष उमेर ननाघेको, नगर प्रहरी जवान/नगर प्रहरी सहयोगी पदको हकमा ४० बर्ष उमेर ननाघेको हुनुपर्नेछ।

**आवेदन दस्तुर बुझाउने स्थान :-** देवताल गाउँपालिकाको राजश्व शाखामा ।

दस्तखत दिने स्थान :- देवताल गाउँ कार्यपालिकाको कार्यालय पिप्राढी गोठ, बारा।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** व्यक्तिगत निवेदन, नेपाली नागरिकताको प्रतिलिपी, हालसालै खिचिएको फोटो ३ प्रति,तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,अन्तराष्ट्रिय शिक्षण संस्थाबाट अध्ययन गरेको खण्डमा नेपाल सरकारको बाट समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

**पाठ्यक्रम :-** देवताल नगर प्रही सम्बन्धी ऐन, २०८२ मा तोकिएको पाठ्यक्रम अनुसार ।

प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता लगायत अन्य जानकारीको लागि देवताल गा.पा.को सूचना पाटी तथा वेबसाईट (www.devtalmun.gov.np) प्राप्त गर्न सकिनेछ।

***नोट : अन्य जानकारीको लागि प्रशासन शाखा शाखा वा मो नं. ९८५५०४८६३९ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।***

**कृष्ण नन्दन राय**
प्रमुख प्रशासकिय अधिकृत


जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।
देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश